# नेपाल चिकित्सक संघको विधान २०४७

NEPAL MEDICAL ASSOCIATION

UNITY FRATERNITY SERVICE



# नेपाल चिकित्सक संघको विधान २०४७

प्रकाशक
**नेपाल चिकित्सक संघ**
केन्द्रीय कार्यालय
प्रदर्शनी मार्ग, काठमाडौं, नेपाल

# नेपाल चिकित्सक संघको विधान २०४७

**प्रस्तावना**

आधुनिक बैज्ञानिक चिकित्सा पेशामा संलग्न योग्य नेपाली चिकित्सकहरुको सामूहिक प्रयासद्वारा सम्पूर्ण नेपालीको स्वास्थ्य र समृद्धिमा सक्रिय सहभागिताको उद्देश्यले नेपाल अधिराज्यको चिकित्सकहरुको हक हितको संरक्षण सम्बर्द्धन गर्दै देश बिकासको कार्यमा टेवा पुऱ्याउन सुसङ्गठित हुन वाञ्छनीय भएकोले ऐतिहासिक जन–आन्दोलनपश्चात प्राप्त प्रजातन्त्रको परिप्रेक्ष्यमा नेपाल चिकित्सक संघको बिधान – २०४७ यस संघको साधारण सभाबाट पारित भई लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस संघको नाम नेपालीमा 'नेपाल चिकित्सक संघ' र अंग्रेजीमा 'Nepal Medical Association' हुनेछ । छोटकरीमा नेपालीमा ने.चि.संघ र अंग्रेजीमा NMA भनिनेछ ।

ख) यस संघको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

ग) नेपाल चिकित्सक संघको बिधान नेपाली भाषामा हुनेछ र आवश्यकता अनुसार अन्य भाषामा पनि अनुवाद गर्न सकिने छ ।

घ) यो विधान साधारण सभाबाट पारित भइ जिल्ला प्रशासन कार्यालयले स्वीकृति दिएको मितिदेखि लागू हुनेछ ।

**२ परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा[१]:

(क) "संघ" भन्नाले नेपाल चिकित्सक संघलाई सम्झनु पर्दछ ।

(ख) "विधान" भन्नाले नेपाल चिकित्सक संघको विधान मानिनेछ ।

---

[१] पहिलो संशोधन २०६७
दोस्रो संशोधन २०७०
तेस्रो संशोधन २०७७

(ग) "धारा" भन्नाले विधानको धारा सम्झनु पर्दछ ।

(घ) "उपधारा" भन्नाले संघको विधानको धारा अन्तर्गतका उपधारा सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले नेपाल चिकित्सक संघको कार्य सम्पादन गर्न विधान अनुसार बनाई पारित भएका नियमहरुको संग्रह बुझ्नु पर्दछ ।

(च) "नियम" भन्नाले संघको नियमावलीको नियमहरु सम्झनु पर्दछ ।

(छ) "उपनियम" भन्नाले संघको नियमावलीका नियम अन्तर्गतका उपनियम सम्झनु पर्दछ ।

(ज) "कोष" भन्नाले केन्द्रीय कार्यालय एवं प्रादेशिक कार्यालय तथा शाखाको कोष एवं सम्पूर्ण चल_अचल सम्पत्ति सम्झनु पदर्छ ।

(झ) "पत्रिका" भन्नाले नेपाल चिकित्सक संघद्वारा प्रकाशित जर्नल अफ नेपाल मेडिकल एसोशियसन र बुलेटिन आदि समेत सम्झनु पर्दछ ।

(ञ) "साधारण सभा" भन्नाले संघको मताधिकार प्राप्त सदस्यहरुको विधान अनुसार बोलाइएको सभा सम्झनु पर्दछ ।

(ट) "परिषद्" भन्नाले नेपाल चिकित्सक संघ परिषद् सम्झनु पर्छ ।

(ठ) "कार्यकारिणी" भन्नाले संघ, प्रदेश र शाखाको कार्यकारिणी समितिलाई सम्झ्नु पर्छ ।

(ड) "समिति, उप समिति" भन्नाले विधानअनुसार कार्यकारिणी समितिले निश्चित प्रयोजनको लागि गठन गरेको समिति, उपसमिति सम्झनु पर्छ ।

(ढ) "केन्द्रीय कार्यालय" भन्नाले संघीय राजधानी काठमाडौंस्थित नेपाल चिकित्सक संघको मुख्य कार्यालय सम्झनु पर्दछ ।

(ण) "प्रादेशिक कार्यालय" भन्नाले मुलुकका सात प्रदेशमा रहेका नेपाल चिकित्सक संघ (सम्बन्धित प्रदेश)का शाखा कार्यालयलाई सम्झनुपर्नेछ ।

(त) "शाखा" भन्नाले देशभरका जिल्लामा (५० जना भन्दा बढी चिकित्सक सदस्य भएका) नेपाल चिकित्सक संघको केन्द्रीय

कार्यालयबाट स्वीकृती प्राप्त गरी विधिवत खोलिएका शाखा सम्झनु पर्छ । यस्तो शाखा एक जिल्लामा एउटा मात्रै हुनेछ ।

(थ) "शाखा कार्यकारिणी" भन्नाले संघका शाखाका कार्यकारिणी समिति सम्झनु पर्छ ।

(द) "प्रादेशिक नियमावली" भन्नाले प्रादेशिक कार्यसमिति स्वीकृत भएको नियमहरुको संग्रहलाई जनाउनेछ ।

(ध) "शाखा नियमावली" भन्नाले संघका शाखाले संघको विधान अन्तर्गत बनाइएका नियमहरुको संग्रह सम्झनु पर्दछ ।

(न) "निर्वाचन समिति" भन्नाले विधानअनुसार गठन भएको संघको निर्वाचन समिति सम्झनु पर्दछ ।

(प) "सम्मेलन" भन्नाले संघले नियमानुसार समय समयमा आयोजना गर्ने अखिल नेपाल चिकित्सक सम्मेलनलाई सम्झनु पर्छ ।

(फ) "विशेष समिति" भन्नाले कुनै विशेष काम गर्न विधान बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

**३ संघको चिन्ह, झण्डा र छापः**

माथिल्लो भाग अर्धबृत्ताकार भएको, द्वारमा नेपाल चिकित्सक संघ लेखिएको, तल आधार स्वरुप राखिएको, पट्टिमा एकता, भातृत्व र सेवा लेखिएको, बनोटबाट बाहिर नौ चुच्चो देखिने प्रकाश पुंज रहेको र भित्र पुष्प सज्जित कलस राखिएको स्तम्भलाई दुइवटा सर्पले बेरिराखेको कलाकृति यस संघको चिन्ह हुनेछ र त्यसैलाई रातो रङ्गमा संघको छाप र झण्डा सेतो वर्गाकार रंगको भुईको मध्यमा रातो रंगको संघको चिन्ह रहेको हुनेछ । नेपाल चिकित्सक संघको लोगो नेपाली र अंग्रेजी दुवै भाषामा बनाइने छ ।

३.१ कार्यालयः– नेपाल चिकित्सक संघको केन्द्रीय कार्यालय काठमाडौंमा म.न.पा. वडा नं. २८ रहनेछ र प्रादेशिक कार्यालय सम्बन्धीत प्रदेशको राजधानीमा र  शाखा कार्यालयहरु केन्द्रीय र प्रादेशिक कार्यालय नरहेका जिल्लामा रहनेछन् । प्रादेशिक र शाखा कार्यालयहरु सम्बन्धीत स्थानिय अधिकारीको स्विकृति लिए पश्चात खोलिने छ ।

# परिच्छेद – २
# उद्देश्य

**४. संघको उद्देश्य :**

संघका उद्देश्यहरु देहायबमोजिम हुनेछन् :

(क) ऐतिहासिक प्रजातान्त्रिक जनआन्दोलनबाट प्राप्त मौलिक हक, मानव अधिकार र प्रजातन्त्रको संरक्षण र त्यसको निर्वाध उपयोगप्रति यो संघ प्रतिवद्ध रहनेछ । आफ्नो सदस्यहरुका यी अधिकारहरु कहिं कतैबाट बञ्चित भएमा त्यसको विरोध गर्ने जिम्मेवारी ने.चि. संघको हुनेछ ।

(ख) सम्पूर्ण चिकित्सकहरुको दक्षता अभिवृद्धिका लागि निरन्तर प्रयत्नशील रहँदै तिनीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको स्तरीयता उच्च राख्ने, चिकित्सा पेशाको सम्मान र मर्यादाको संरक्षण र प्रवर्द्धनमा कटिबद्ध रहने ।

(ग) चिकित्सा पेशाको व्यवसायिक स्तर उचो पार्ने खालका नीति तथा कार्यक्रम जारी गर्दै त्यसलाई लागु गर्ने । चिकित्सा सेवामा आवश्यक पर्ने मानवीय संवेदनशीलताको अभिवृद्धि गर्ने । साथै चिकित्सकहरु बीच भाइचारा, सद्भाव, सहयोग एवं सहकार्य अभिवृद्धिका लागि पहल गर्ने ।

(घ) चिकित्सा क्षेत्रसँग सम्बन्धित रोग निवारण र रोकथामसम्बन्धी ज्ञान र सीपको दायरा अभिवृद्धिका लागि अनुसन्धान, तालिम, गोष्ठी, जर्नल एवं मुखपत्र प्रकाशन, चिकित्सा_पुस्तकालय स्थापना, छात्रबृत्ति, पुरस्कार प्रदानलगायतका गतिविधि एवं कार्यक्रम संचालन गर्ने ।

(ङ) आम जनतामा स्वास्थ्यसम्बन्धी विषयमा जनचेतना जगाई आधुनिक वैज्ञानिक चिकित्सा पद्धतिप्रति जनताको विश्वास बृद्धि गराउने ।

(च) यस संघले राष्ट्रको स्वास्थ्य सुधारमा सहयोग पुऱ्याउन सक्ने अन्य जुनसुकै पनि काम कारवाही गर्न सक्नेछ । स्वास्थ्य सेवा भित्रका पिछडिएका क्षेत्रहरुमा सामयिक र समानुपातिक स्वास्थ्य सेवाको अभिबृद्धिलाई प्राथमिकता दिनेछ ।

(छ) यस संघले आवश्यकता अनुसार चिकित्सा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरुसँग सम्बद्धता कायम गर्ने छ ।

(ज) यो सघं मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

## परिच्छेद – ३
## सदस्यता

**५. सदस्यको योग्यताः**

नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका कुनै पनि चिकित्सक यस संघको विधान अन्तर्गत रही संघको सदस्य हुन सक्नेछ ।

**६. सदस्यताको प्रकारः**

यस संघको सदस्यताको प्रकार देहायबमोजिम हुनेछः

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) आबद्ध आजीवन सदस्य (Associate Life member)

घ) मानार्थ सदस्य

(क) नेपाली नागरिकता भएका चिकित्सकहरुले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र र नागरिकताको प्रतिलिपीसहित संघको नियमानुसार सदस्यता फाराम भरेर तोकिएको शुल्क बुझाएपछि साधारण र आजीवन सदस्य हुनेछन् ।

(ख) नेपाली नागरिकता नभएका चिकित्सक सदस्यहरु र एन.आर.एन सहयोगी सदस्य हुनेछन् । संघले तोके बमोजिम शुल्क दिई सहयोगी आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) संघले नेपालको चिकित्सा सेवामा विशिष्ट योगदान गरेको चिकित्सक वा गैर चिकित्सकलाई मानार्थ सदस्य प्रदान गरिने छ ।

**७ मताधिकारः**

संघका साधारण र आजीवन सदस्यहरुलाई मात्र मताधिकार प्राप्त हुनेछ । मताधिकार प्राप्त सदस्यहरुले मात्र निर्वाचनमा सहभागी हुन पाउने छन् ।

मताधिकार प्राप्त गर्न उक्त सदस्यको ने.चि.संघसंग तोकिएको समयसम्मको सदस्यता शुल्क सम्बन्धी बक्यौता नरहेको हुनुपर्छ। कुनै कारणबश शुल्क तिर्न नसकेको सो सदस्यले मतदान शुरु हुने मितिको ६० दिन अगावै सम्पूर्ण शुल्क बुझाएमा सदस्यता कायम गर्न सकिनेछ।

**८. सुविधाः**

सदस्यहरुलाई देहाय बमोजिम सुविधा दिइनेछः

(क) संघद्वारा प्रकाशित पत्रिका जर्नल अफ नेपाल मेडिकल एसोसियसन निःशुल्क उपलब्ध गराइनेछ।

(ख) सदस्यहरुले संघद्वारा आयोजित प्रवचन, सम्मेलन प्रदर्शनी, बहस र अन्य सामाजिक क्रियाकलापमा निर्धारित प्रक्रिया पुरा गरि सहभागी हुन र संघको पुस्तकालय, वाचनालय, आवासगृह, अध्ययन कक्षको उपयोग गर्न सक्नेछन्।

**९. सदस्यता प्रदान गर्ने विधि :**

क) साधारण आजीवन र आवद्ध सदस्यताको लागि संघको सदस्यता फाराम भरेर आवश्यक कागजातसहित एक आजीवन सदस्यद्वारा सिफारिस गरी तोकिएको शुल्क तिरेर निवेदन दिनुपर्नेछ। सो निवेदन उपर कार्यकारिणी समितिले निर्णयगरी सोको जानकारी निवेदकलाई दिइनेछ।

ख) संघलाई अमूल्य योगदान दिएको वा नेपालको चिकित्सा क्षेत्रमा उल्लेखनीय सेवा पुर्‍याएको वा चिकित्सा विज्ञानमा महान योगदान प्रदान गरेको वा चिकित्सा क्षेत्रसँग सम्बन्धित वा सामाजिक उत्थानमा महत्वपूर्ण भूमिका खेलेको आधारमा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकलाई मानार्थ सदस्यता दिन उचित ठानी परिषद्का ३ जना सदस्य वा साधारण सदस्य १० जनाले प्रस्ताव गरेमा परिषद्को बैठकमा गरिएको गोप्य मतदानमा कम्तीमा दुई तिहाई बहुमतले अनुमोदन भएमा प्रस्तावित व्यक्तिलाई संघको मानपत्र प्रदान गरी मानार्थ सदस्यता दिनेछ।

(ग) संघको केन्द्रीय कार्यालयमा एउटा मुख्य पञ्जिका (दर्ता कपी) राखिनेछ। जसमा संघको सबै किसिमका सदस्यहरुको आवश्यक व्यक्तिगत विवरणको अभिलेख अनिवार्य रुपले राखिने छ।

## १०. सदस्यताको समाप्ति अयोग्यता तथा निलम्बन

### क) सदस्यताको समाप्ति

संघको कुनै सदस्यले सदस्यताबाट दिएको राजिनामा कार्यकारिणीबाट स्वीकृत भएमा सदस्यता समाप्त हुनेछ । यस्ता व्यक्तिले फेरि सदस्यताको निम्ति आवेदन दिएमा समितिले निजलाई पुनः सदस्यता दिन सक्नेछ ।

### ख) निलम्बन

संघको कुनै सदस्यले लगातार दुई बर्षसम्म शुल्क नबुझाएमा निज सदस्यताबाट स्वतः निलम्बित हुनेछ । तर तोकिएको जरिवाना र बाँकी रहेको शुल्क तिरेमा निलम्बित सदस्यको सदस्यता नविकरण हुनेछ । तर निर्वाचन समितिले तोकेको म्यादमा शुल्क नबुझाउने सदस्यले मतदाता हुन पाउने छैन ।

### ग) अयोग्यताः

कुनै सदस्यको आचरण संघ तथा चिकित्सा व्यवसायको हित विरुद्ध भएको वा चिकित्सकको आचार संहिता अनुकूल नभएको भन्ने लागेमा यस्ता सदस्यबाट कार्यकारिणीले लिखित स्पष्टीकरण माग्ने छ । सदस्यले स्पष्टीकरण नदिएमा वा दिएको स्पष्टिकरण सन्तोषजनक नभएमा निजलाई सदस्यताबाट निलम्बित गरिनेछ र यसको सूचना उक्त सदस्यलाई दिइनेछ । उक्त विषय ने.चि.संघ परिषद्को तत्पश्चात हुने पहिलो वैठकमा राखिनेछ । परिषद्ले निजको सदस्यताको सम्बन्धमा कुनै पनि निर्णय लिन सक्ने छ । निष्काशित सदस्यले पुनः सदस्यताको लागि लिखित रुपमा माफी मागी स्तरीय चरित्र, मर्यादित व्यवहार र शिष्ट आचरणको प्रतिबद्धता दिएमा संघको साधारण सभाको बहुमतले निजलाई पुनः सदस्यता दिन सक्ने छ ।

# परिच्छेद – ४
# साधारण सभा

**११. संघमा साधारण सभाको स्थानः**

साधारण सभा संघको सर्वोच्च, अधिकारयुक्त, नीति, निर्माणकर्ता र निर्णायक अङ्ग हुनेछ ।

**१२. बैठक**

१. सामान्यतया साधारण सभा अखिल नेपाल चिकित्सक सम्मेलन तथा आयोजना हुँदा बस्नेछ । सम्मेलनमा उपस्थित सम्पूर्ण मताधिकार प्राप्त वा आजीवन सदस्यहरुको उपस्थितिमा विधानअनुसार संचालित भेला नै साधारण सभा हुनेछ ।

२ प्रादेशिक तथा संघका शाखा कार्यालयहरुको साधारण सभा संघको केन्द्रीय साधारण सभा हुनु भन्दा अगावै सम्पन्न हुनु पर्नेछ ।

३. असाधारण अवस्थामा कार्यकारिणीले ७ दिन अगावै सुचना दिई वा आम संचार माध्यमबाट सूचना दिइ आकस्मिक साधारण सभा बोलाउन सक्नेछ ।

४. अतिरिक्त साधारण र आकस्मिक सभामा निर्धारित विषय सूची बाहेकका अन्य कुरामा छलफल हुने छैन ।

५. साधारण सभाको अध्यक्षता नव निर्वाचित अध्यक्षबाट हुनेछ र सो सभाको संचालनमा निजले मुख्य भूमिका खेल्ने छन् ।

६. साधारण सभाको विषय सूची कार्यकारिणी समितिले सभा हुनु अगाडि नै प्रकाशमा ल्याउनेछ सो विषय सबैको जानकारीमा ल्याउन कार्यालय तथा शाखा कार्यालयमा समेत पठाइनेछ ।

७. कुनै पनि सदस्य वा संघको कुनै निकायले साधारण सभामा छलफलको लागि विधान संशोधन बाहेक अन्य प्रस्ताव ल्याउन चाहेमा सभा हुनुभन्दा एक महिना अगावै लिखित रुपमा विषय खुलाई कार्यकारिणी समितिको निर्णय अनुसार साधारण सभामा राखिने छ । तर साधारण सभामा त्यस्तो प्रस्ताव सिधैं ल्याउन चाहेमा कम्तिमा २५ जना उपस्थित सदस्यबाट लिखित रुपमा

सभाको अध्यक्ष समक्ष प्रस्तुत गर्नु पर्नेछ । र अध्यक्षबाट स्वीकृति प्राप्त भएमा सो बारे कार्वाही हुनेछ ।

८. साधारण सभामा निवर्तमान् महासचिव र कोषाध्यक्षले क्रमशः प्रतिवेदन र आर्थिक प्रतिवेदन पेश गर्नेछन् । साधारण सभामा सो प्रतिवेदनमाथि निवर्तमान कार्यकारिणी समितिको कार्यकालमा भएका क्रियाकलापहरुको बारेमा उठ्ने प्रश्नहरुको जवाफ सम्बन्धित कार्य कारिणीले दिनु पर्नेछ ।

९. नव निर्वाचित कार्यकारिणी समितिले साधारण सभामा आउँदो कार्यावधिको लागि आफ्ना कार्यक्रम र प्रस्ताव सोही सभामा लिखित रुपमा पेश गर्नु पर्नेछ ।

१०. नव निर्वाचित कार्य कारिणी समितिले पदावधि समाप्त भएको कार्यकारिणी समितिबाट सम्पूर्ण बुझ बुझारत गर्नेछ ।

**१३. काम, कर्तव्य तथा अधिकार :**

साधारण सभाले देहाय बमोजिमको कार्य गर्नेछः

क) धारा ३७ अनुसार विधान संशोधन गर्न सक्नेछ ।

ख) परिषद् र कार्यकारिणीको कार्य र निर्णयलाई अनुमोदन वा अस्वीकार गर्न सक्नेछ ।

ग) विधानमा उल्लिखित कुनै पनि कुरा विवादास्पद भएमा अन्तिम निर्णय दिनेछ ।

घ) समिति, उपसमिति, परिषद वा कार्यकारिणीले विधिपूर्वक राखेका प्रस्ताव र निर्णयहरुलाई अनुमोदन, हेरफेर वा अस्वीकार गर्नेछ ।

ङ) कुनै कारणले सदस्यताबाट निलम्बनमा परेका वा निष्काशन भएका सदस्यलाई आवश्यक शर्त पूरा गरेमा पुनः सदस्यता दिन सक्नेछ ।

**१४. गणपूरक संख्याः**

यस विधानमा उल्लेख भएका बिशेष अवस्थामा बाहेक अन्य अवस्थामा अखिल नेपाल चिकित्सक सम्मेलनमा उपस्थित सदस्यहरुको संख्या नै गणपूरक संख्या मानी सामान्य बहुमतको आधारमा निर्णय हुनेछ । तर आकस्मिक र अतिरिक्त साधारण

सभाको गणपूरक संख्या कूल मताधिकार प्राप्त सदस्य संख्याको एक तिहाईलाई मानिनेछ ।

## परिच्छेद – ५
## परिषद्को स्वरूप

### १५. परिषद्को स्थानः

नेपाल चिकित्सक संघ परिषद्, संघको विधान अनूरुप गठन गरिएको अधिकार सम्पन्न नियामक अङ्ग हुनेछ ।

### १६. परिषद्को गठन

परिषद्मा नेपाल भरीका सदस्यहरुको निम्न अनुसार प्रतिनिधित्व हुनेछः ।

क) कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरु (पदेन) १५ जना र सो समितिले आफ्ना सदस्यहरुमध्येबाट मनोनित पाँच जनासम्मको सदस्य ।

ख) प्रत्येक प्रादेशिक कार्यसमितिले तोकेका ३ जना र प्रत्येक शाखाबाट १ जनाको दरले प्रतिनिधित्व गर्नेगरि पठाइएका प्रतिनिधिहरु ।

ग) नेपाल चिकित्सक संघसँग आबद्ध भएका विभिन्न विशेषज्ञ समाजका अध्यक्ष वा महासचिव मध्येबाट प्रतिनिधित्व हुनेगरी अधिकतम १५ जना सम्मलाई कार्यसमितिले निर्णय गरी परिषद्को सदस्यमा पदेन सदस्यता प्रदान गरिनेछ ।

घ) सघका पूर्व अध्यक्षहरुलाई संघको परिषद् सदस्य (पदेन) का रुपमा कार्यसमितिद्वारा मनोनयन गरिनेछ ।

ङ) सम्पूर्ण सदस्यहरु मध्येबाट निर्वाचन प्रक्रियाद्वारा छानिई आउने सदस्य संख्या ६० जना ।

### १७. कार्यः परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नीति निर्माण गरी संघको क्रियाकलापलाई निर्देशन र नियमन गर्नेछ ।

ख) प्रादेशीक तथा शाखा कार्यकारिणी समितिले प्रस्ताव गरेका नियम, कार्यविधिलाई अन्तिम स्वीकृती दिने ।

ग) केन्द्रीय कार्यकारिणी, प्रादेशिक तथा शाखा समितिका क्रियाकलापको नियमन गर्ने ।

घ) आवश्यक परेमा विशेष समिति गठन गरी काम गराउने छ ।

ङ) कुनै सदस्य उपर विधानको धारा १० (ग) अनुसार गरिएको कार्यकारिणीको कारवाहीको बारेमा निर्णय दिनेछ ।

च) अन्य देशका चिकित्सक संघहरुसित सम्बद्धता कायम गर्ने निर्णय लिन सक्नेछ ।

छ) कार्यकारिणी समितिले गरेको सिफारिस उपर विचार गरी अखिल नेपाल चिकित्सक सम्मेलनको लागि स्थान र मिति निर्धारण गर्नेछ ।

ज) संघको लागि नियमहरु पारित गराउने र प्रादेशिक कार्यालय तथा शाखाको लागि नियममा संशोधन गर्न परामर्श दिने ।

झ) नयाँ निर्वाचन नहुँदै कार्यकारिणी समितिको पदावधी समाप्त भएमा वा अविश्वासको प्रस्ताव धारा ३५ अनुसार परिषद्द्वारा स्वीकृत भएमा वा सम्पूर्ण कार्यकारिणी समितिले राजीनामा दिएमा वा अन्य कुनै पनि कारणबाट कार्यकारिणीको सम्पूर्ण पद रिक्त हुन आएमा अर्को निर्वाचन नभएसम्म ने.चि.संघ संचालन गर्ने सम्पूर्ण दायित्व लिनेछ । यसको लागि उक्त कार्यकारिणीका सदस्य बाहेक परिषद्का अन्य सदस्यहरु मध्येबाट निर्वाचनद्वारा एउटा परिषद् कार्य समिति गठन गरी कार्य संचालन गरिनेछ । यस पश्चात् गरिएको कार्य संचालनको उत्तरदायित्व उक्त कार्य समितिमा नै रहने छ । अर्को कार्यकारिणी समितिको गठन नभएसम्म पुरानैले कार्य संचालन गर्नु पर्नेछ । कार्यकारिणी नभएको अवस्थामा परिषद्मा सदस्य रहेका वरिष्ठतम पूर्व अध्यक्षले अध्यक्षता गर्नेछ र पूर्व अध्यक्ष परिषद् सदस्य नभएमा वा वैठकमा उपस्थित नभएमा परिषद्का वरिष्ठतम सदस्यले अध्यक्षता गर्नेछ ।

ञ) मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ ।

ट) संघको लेखापरिक्षकको नियुक्ति वा हटाउने निर्णय गर्ने छ ।

ठ) संघको आगामी आर्थिक वर्षको बजेट स्वीकृत गर्ने तथा विगत वर्षको आय व्यय विवरणको अनुमोदन गर्नेछ ।

ड) विधान अनुसार निर्वाचन समितिको गठन गर्ने छ र निर्वाचन सम्बन्धी विवाद उठेमा अन्तीम निर्णय दिने छ ।

**१८. बैठक :**

**क) साधारण बैठक**

१) सामान्यता परिषद्को साधारण बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

२) अखिल नेपाल चिकित्सक सम्मेलन हुनु अगाडि परिषद्को बैठक अनिवार्य रुपले बस्नु पर्नेछ ।

३) बैठकको लागि संघको कार्यकारिणीले छलफलको विषय निर्धारण गरि १५ दिन अगाडि परिषद्का सदस्यहरुलाई सूचना दिइनेछ ।

**ख) आकस्मिक बैठक**

आवश्यक परेमा अध्यक्षको परामर्श लिई महासचिवले बैठकको मिति, समय, स्थान र विषय तोकि सदस्यहरुलाई २४ घण्टा अगावै सूचना दिई आकस्मिक बैठक बोलाउन सक्नेछ सो सूचना आम संचार माध्यमबाट पनि गर्न सकिने छ ।

**ग) गणपूरक संख्या**

तोकिएको अवस्थामा बाहेक परिषद्का ५० प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति बैठकको गणपूरक संख्या मानिने छ । बैठक बस्न तोकिएको समयको आधा घण्टाभित्र पनि आवश्यक गणपूरक संख्या पूरा नभएमा अध्यक्षले छोटो अवधिको सूचना दिई पुनः सोही बैठक बोलाउन सक्ने छन् र यसमा उपस्थित सदस्य संख्या नै गणपूरक संख्या मानिनेछ । परिषद्को सबै निर्णय सामान्य बहुमतको आधारमा गरिने छ ।

# परिच्छेद - ६
# कार्यकारिणी समिति

**१९. संघमा कार्यकारिणी समितिको स्थान**: कार्यकारिणी समिति ने.चि.संघको विधान अनुरुप गठन भई संघको नियमित र दैनिक समेत काम कारवाही गर्ने प्रशासनिक अङ्ग हुने छ ।

**२०. गठन र पदावधि**

निर्वाचन प्रक्रियाद्धारा छानिएका अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १ उपाध्यक्ष ७ (प्रत्येक प्रदेशबाट १/१ जना, प्रादेशिक संयोजकसमेत रहनेगरी), महासचिव १, कोषाध्यक्ष १, सहसचिव १, सह–कोषाध्यक्ष १, सदस्यहरु ६ जना एवं निवर्तमान अध्यक्ष १ – पदेन सदस्य र कार्यकारिणीले आजीवन सदस्यहरुमध्येबाट नियुक्त प्रधान सम्पादक पदेन सदस्य – १ गरी जम्मा २१ जनाको कार्यकारिणी गठन गरिनेछ । कार्यकारीणीको पदावधि ३ (तीन) वर्षको हुनेछ । कार्यकारिणीको पदावधि समाप्त हुनु अगावै नियमित अखिल नेपाल चिकित्सक सम्मेलनको उद्घाटन मितिमा कार्यकारिणीको पदावधि स्वतः समाप्त भएको मानिनेछ । कार्यकारिणी समितिमा गणपुरक संख्याको प्रयोजनका लागि प्रादेशिक संयोजकको रुपमा निर्वाचित उपाध्यक्षहरुको उपस्थिति अनिवार्य हुने छैन । प्रदेश उपाध्यक्ष स्वतः सम्बन्धित प्रदेशको संयोजक हुनेछन् ।

**२१. काम, कर्तव्य र अधिकार: कार्यकारिणीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:**

क) संघको विधान र नियमहरु अन्तर्गत रहि संघको नियमित दैनिक कारवाही संचालन गर्नेछ ।

ख) संघको औपचारिक प्रतिनिधित्व गर्नेछ ।

ग) सदस्यहरुको पेशागत हितको संरक्षण र सुविधाको लागि सम्वन्धित निकायहरुसँग सम्बन्ध स्थापित गरी आवश्यक कारवाही गर्ने र सदस्यहरुको पेशागत आचरणमाथि निगरानी राख्नेछ ।

घ) संघको सम्पत्तिको रेखदेख, सम्भार र सुरक्षा गर्नेछ ।

ङ) संघको दैनिक क्रियाकलाप केन्द्रीय कार्यालयको लेखा र प्रशासन सम्बन्धि सम्पूर्ण कार्यभारको जिम्मा लिनेछ र आर्थिक नियमावलीको अधिनमा रही आर्थिक कारोवार गर्नेछ ।

च) मानार्थ सदस्यता बाहेक नयाँ सदस्यता दिने, सदस्यता नवीकरण गर्ने र सदस्यहरुको नामावली र आवश्यक विवरण अद्यावधीक राख्ने कार्य गर्ने छ। सदस्यताबाट दिइएको राजीनामा उपर निर्णय दिनेछ।

छ) आवश्यक परेमा कार्यकारिणी समितिले समिति, उप–समितिहरु गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ। साथै यस्ता समिति तथा उपसमितिहरुले संघ आबद्ध रहेका राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ सस्थाहरुसँग नियमपूर्वक आबद्धता लिई समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछन्। यसरी गठन गरिएका समिति, उप–समितिहरु कार्यकारिणी समितिप्रति उत्तरदायी रहनेछन्।

ज) परिषद् र साधारण सभाको बैठकको विषयसूची तयार पार्ने र परिषद्को बैठक बोलाउने छ।

झ) परिषद् र साधारण सभाद्वारा प्रदत्त अन्य अधिकार पनि प्रयोग गर्नेछ।

ञ) ने.चि.संघलाई आवश्यक पर्ने कर्मचारीहरु नियमानुसार भर्ना गर्ने र बर्खास्त गर्ने अधिकार राख्ने छ।

ट) विधानको धारा १० (ग) मा तोकेबमोजिम सदस्य उपर कारवाही गर्ने छ।

ठ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, बैठक वा भ्रमणमा भाग लिन प्रतिनिधि वा प्रतिनिधि मण्डलको मनोनयन गर्ने छ।

ड) आवश्यक परेमा निति, समय, स्थान र विषय सूची तोकेर आकस्मिक साधारण सभा बोलाउने छ।

ढ) कुनै पनि स्वदेशी वा विदेशी नागरिकलाई कदर–पत्र (सर्टिफिकेट अफ अनर) प्रदान गर्न सक्नेछ। तर यस्ता व्यक्तिहरु मानार्थ सदस्य हुने छैनन्।

## २२. बैठक

क) कार्यकारिणी समितिको बैठक सामान्यतया हरेक वर्षमा कम्तिमा ९ पटक अनिवार्य रुपमा बस्नेछ र उक्त बैठकको लागि अध्यक्षको स्विकृति लिई महासचिवले एक हप्ता अगाडि नै मिति, समय, स्थान र विषय खुलाई सुचना गर्नेछन्।

ख) अध्यक्षको परामर्शमा महासचिवले मिति, समय, स्थान, विषय र औचित्य खुलाई कुनै पनि समयमा आकस्मिक बैठक बोलाउन सक्नेछन् । कार्यकारिणी समितिका बहुमत सदस्यहरुले लिखित रुपमा माग गरेमा महासचिवले आकस्मिक बैठक बोलाउनु पर्नेछ ।

ग) अध्यक्षको परामर्श लिई महासचिवले बैठकमा संघको कुनैपनि सदस्यलाई आमन्त्रितको रुपमा मताधिकार नपाउने गरी सहभागि हुन आमन्त्रण गर्न सक्नेछ ।

घ) नव निर्वाचित कार्यकारिणी समितिका सदस्यहरु सम्मेलनभन्दा अगाडि बस्ने बैठकहरुमा पर्यवेक्षकको रुपमा भाग लिन सक्नेछन् ।

ङ) कार्यकारिणी समितिका ५० प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति बैठकको गणपुरक संख्या मानि सामान्य बहुमतको आधारमा निर्णय गरिने छ ।

## २३. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

**क) अध्यक्ष**

१) अध्यक्षले संघको वैधानिक नेतृत्व गर्नेछ ।

२) अध्यक्षले कार्यकारिणी समिति, ने.चि.संघ परिषद् र साधारण सभामा अध्यक्षता गर्नेछ ।

३) कार्यकारिणी समितिको बैठकमा विवादको स्थिति परि मत वरावर भएमा अध्यक्षले आफ्नो निर्णायक मत दिन सक्नेछ ।

४) संघको सञ्चालन विधान अनुसार गर्न गराउनको लागि उत्तरदायि हुनेछन् ।

५) आवश्यक देखेमा मिति, समय, स्थान र विषय तोकेर २४ घण्टा सूचना दिई कार्यकारिणी समितिको आकस्मिक बैठक महासचिव मार्फत् बोलाउन सक्नेछ । र ७२ घण्टाको सूचना दिई नेपाल चिकित्सक संघ परिषद्को बैठक बोलाउन सक्नेछ ।

६) कार्यकारिणीका सम्पूर्ण पद रिक्त नभई एक वा धेरै पदाधिकारी वा सदस्यको स्थान कुनै कारणबस रिक्त हुन आएमा बाँकी अवधिको

लागि पदपूर्तिको व्यवस्था कार्यकारिणी समितिको सिफारिसमा अध्यक्षले परिषद्का सदस्यमध्येबाट मनोनयन गर्नेछन् ।

**(ख) बरिष्ठ उपाध्यक्ष**

कुनै कारणबश अध्यक्ष उपस्थित हुन नसकेको अवस्थामा अध्यक्षले लिखित रुपमा अख्तियारी दिएको अवस्थामा तोकिएको अवधिभर वा अध्यक्षले राजीनामा दिएर स्वीकृत भएमा वरिष्ठ उपाध्यक्षले अध्यक्षको स्वतः कार्यभारसम्हाल्ने छन् । बरिष्ठ उपाध्यक्ष पनि नभएको अवस्थामा उपाध्यक्षहरु मध्ये उमेरमा बरिष्ठतम् उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

**(ग) उपाध्यक्ष एवं प्रादेशिक संयोजक**

उपाध्यक्ष तथा प्रादेशिक संयोजकहरुले आ आफ्नो प्रदेश कार्यकारिणीको अध्यक्षता गर्नेछन् ।

**(घ) महासचिव**

१. संघको केन्द्रीय कार्यालयको दैनिक सञ्चालन र सम्पत्तिको सम्भार तथा संरक्षणको उत्तरदायित्व वहन गर्ने छ ।

२. कार्यकारिणीबाट प्रदत्त कार्यभार बहन गर्ने छ ।

३. संघको तर्फबाट गरिनु पर्ने सबै पत्राचार गर्नेछ ।

४. संघको सर्वोपरि हितलाई ध्यान राखी पुनर्विचार गर्नुपर्ने देखेमा कुनै पनि विषय कार्यकारिणी समिति वा ने.चि.संघ परिषद्का सामु राख्न सक्नेछ ।

५. बैठक प्रक्रिया र रेकर्डहरु तयार गरि अध्यक्षको सही गराई अनुमोदनको लागि आगामी बैठकमा पेश गर्नेछ ।

६. नियम बमोजिम स्वीकृति दिने र सो सम्बन्धी सूचना कोषाध्यक्षलाई दिई यथार्थ व्यहोरा कार्यकारिणीको आगामी बैठकमा पेश गर्ने छ ।

७. धारा १८ (क.को ३), १८ को ख, २१ को ज, २२ को क र ख अनुसार बैठक बोलाउने छ ।

८. ने.चि.संघ.परिषद्द्वारा गठन हुने विशेष समितिमा पदेन सदस्य रहनेछ ।

**(ङ) कोषाध्यक्षः**

१. संघको केन्द्रीय कार्यालयको आर्थिक कारोबारको जिम्मा लिने छ।

२. आर्थिक कारोबार गर्दा आर्थिक नियमावली अनुसार महासचिवको स्वीकृति लिएर मात्र गर्नेछ।

३. सम्पूर्ण सदस्यहरुको अद्यावधिक नामावली र आवश्यक आर्थिक विवरण रजिष्टरमा राख्ने व्यवस्था मिलाउने छ।

४. संघको आगामी आर्थिक वर्षको वार्षिक बजेट तयार पारि परिषद्मा स्वीकृतिको लागि पेश गर्ने छ।

५. प्रत्येक आर्थिक वर्षको बेग्ला–बेग्लै आय विवरण लेखा परीक्षण गराई परिषद्मा अनुमोदनको लागि पेश गर्नेछ।

६. लेखा परिक्षण गराएको आयव्यय विवरण साधारण सभामा पेश गर्नुपर्नेछ।

७. आर्थिक उपसमिति गठन भएमा सो को अध्यक्षता गर्नुपर्नेछ।

**(च) सहसचिव**

महासचिवद्वारा गरिने कार्यहरु निजले अख्तियार दिएमा गर्नेछ । महासचिवको अनुपस्थितिमा सहसचिवले कार्यभार सम्हाल्ने छ।

**(छ) सह कोषाध्यक्ष**

कोषाध्यक्षद्वारा गरिने कार्यहरु निजले अख्तियार दिएमा गर्नेछ । कोषाध्यक्षको अनुपस्थितिमा वा निजले राजीनामा दिएमा अर्को व्यवस्था नभएसम्म निजको कार्यभार सम्हाल्ने छ।

**(ज) उपाध्यक्ष एवं प्रादेशिक संयोजकको काम, कर्तव्य र अधिकार**

क) केन्द्रीय समितिसँग समन्वय गरी केन्द्रको निर्देशन अनुसारका कार्यक्रमहरु संचालन गर्ने।

ख) प्रदेश कार्य समिति गठन गर्ने।

ग) संघको उद्देश्य पूर्तिका लागि प्रदेशस्तरीय कार्यक्रम बनाई कार्यन्वयन गर्ने।

घ) केन्द्रीय समितिले तोकेको जिम्मेवारी पूरा गर्ने।

ङ) प्रादेशीक कार्यकारिणीबाट प्रादेशिक कार्यालयको स्थान तय गर्ने।

**(झ) प्रधान सम्पादक**

१. संघको पत्रिकाको प्रमुख सम्पादक भई सो को प्रबन्ध, प्रकाशन गर्नेछ।

२. सम्पादक मण्डल गठन गरी कार्यकारिणी समितिबाट स्वीकृत गराउने छ।

३. पत्रिका प्रकाशनमा पूर्ण प्राज्ञिक स्वतन्त्रता राख्न व्यवस्था मिलाउने छ।

४. सम्पादकीयको बनोट र पत्रिका सम्बन्धी अन्य कार्यहरु संघको विधान र नियम भित्र रही गर्नेछ।

५. कार्यकारिणी समितिले संघको पत्रिकामा प्रकाशनार्थ पठाएका निर्णय र सूचनाहरु प्रकाशित गर्ने व्यवस्था मिलाउने छ।

६. आवश्यकता अनुसार संघले प्रकाशित गर्ने कुनै पनि प्रकाशनको व्यवस्था मिलाउने छ।

**(ञ) सदस्यहरु:**

१. विधान बमोजिम उपसमिति गठन भएमा तोकिएको कुनै एक सदस्यले सो उपसमितिको सभापतित्व गर्नेछ र उक्त उपसमितिको कारवाहीको लागि उत्तरदायी रहने छ।

२. समकालिन रुपमा गठित वा सो भन्दा बढी समिती वा उपसमितिहरु भएमा एक सदस्यले एकै समयमा एक भन्दा बढी समिती वा उपसमितिको सभापतित्व गर्न सक्ने छैन।

## परिच्छेद - ७
## निर्वाचन

**२४. निर्वाचन व्यवस्था:**

क) विधान अनुसार निर्वाचन हुने केन्द्रीय, प्रादेशिक कार्यालय तथा शाखाहरुको कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यहरुको चयन मताधिकार प्राप्त सदस्यहरुबाट गोप्य मतदानद्वारा गरिनेछ। मतदान हुने परिस्थिति हुँदा बढी मत प्राप्त गरेको उम्मेदवार विजयी मानिनेछ।

(ख) निर्वाचन सम्पन्न गर्नका लागि परिषद्‌ले निर्वाचन समितिको प्रमुख निर्वाचन अधिकृत गठन गर्नेछ, नीज निर्वाचन अधिकृतले आवश्यकता अनुसार अन्य सदस्यहरु मनोनित गर्न सक्नेछ । निर्वाचन समितिले ने.चि.संघ निर्वाचन नियमावली बमोजिम विभिन्न पदहरुका लागि निर्वाचन सम्पन्न गर्ने छ । निर्वाचन सम्बन्धी विवाद उत्पन्न भई उम्मेदवारहरुबाट सिकायत भएमा त्यसको छानविन र निर्णय गर्न परिषद्‌ले आवश्यक व्यवस्था गर्नेछ ।

(ग) निर्वाचन समितिका सदस्यहरुले कार्यकारिणी समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(घ) निर्वाचन प्रत्येक ३ वर्षमा अखिल नेपाल चिकित्सक सम्मेलन सम्ममा सम्पन्न गराई सक्नुपर्ने छ ।

## परिच्छेद - ८
## आर्थिक व्यवस्था

**२५. आर्थिक वर्ष:**

संघको आर्थिक वर्ष  श्रावण १ गते देखि आषाढ मसान्तसम्म हुने छ ।

**२६. आर्थिक स्रोत: संघको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ :**

क) आजीवन सदस्यताबाट आउने एक मुष्ट रकम

ख) संघलाई कुनै पनि श्रोतबाट प्राप्त हुने सहयोग

ग) संघको घर भाडा तथा अन्य भाडाबाट

**२७. चल अचल सम्पत्ति:**

संघको जिम्मा रहेको जिन्सी तथा नगदी खातामा उल्लेखित सम्पूर्ण चल अचल सम्पत्ति संघको सम्पत्ति मानिने छ ।

**२८. खर्च:**

कार्यकारिणी समितिले आर्थिक नियमावली अन्तर्गत रही संघको कोषबाट आवश्यकताअनुसार खर्च गर्नेछ ।

**२९. लेखा परिक्षणः**

क) कोषाध्यक्षले वार्षिक आयव्ययको लेखा परीक्षण गराउनु पर्नेछ ।

ख) कार्यकारिणीले परिषद्द्वारा नियुक्त लेखा परिक्षकको पारिश्रमिक तोक्ने छ ।

ग) एउटै लेखा परिक्षकले लगातार तीन पटक भन्दा बढी लेखा परिक्षण गर्न पाउने छैन ।

घ) लेखा परिक्षणको प्रतिवेदनको एक प्रती जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, र समाज कल्याण परिषद्मा पठाइने छ ।

ङ) यस संघको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड परीक्षकबाट गराउनु पर्नेछ ।

## परिच्छेद - ९
## प्रादेशिक कार्यालय सम्बन्धी व्यवस्था

**३०. प्रादेशिक कार्यालय सम्बन्धी व्यवस्था**

क) निर्वाचन प्रक्रिया मार्फत प्रादेशिक समिति गठन नहुँदा सम्मका लागि संघको केन्द्रीय कार्यकारिणी समितिले अन्तरिम कार्य समिति गठन गर्नेछ ।

**संघको प्रादेशिक समिति गठन प्रक्रिया**

संघको प्रादेशिक समितिः १) केन्द्रीय कार्यकारिणी समितिमा निर्वाचित उपाध्यक्ष (प्रदेश संयोजक) प्रदेश कार्यसमितिको अध्यक्ष–१

२) सचिव–१

३) कोषाध्यक्ष–१

४) सदस्यहरुः

क) प्रदेश अन्तर्गतका शाखा कार्यालयका अध्यक्ष र सचिवहरु स्वतः पदेन सदस्य

ख) सचिव र कोषाध्यक्षको चयन प्रादेशिक कार्यसमितिका सदस्यहरुमध्येबाट निर्वाचित हुनेछन् ।

## परिच्छेद - १०
## शाखा सम्बन्धी व्यवस्था

**३१ शाखाको स्थापना:**

क) प्रत्येक जिल्लामा जिल्ला शाखा खोल्न सकिनेछ। शाखा खोल्नु पूर्व स्थानिय सम्बन्धित अधिकारीको पूर्व स्वीकृती लिइनेछ।

ख) शाखाको कार्यालय शाखाले निर्णय गरेको स्थानमा रहनेछ।

ग) एक वा बढी स्थानमा सहमतिअनुसार कम्तीमा ५० जना सदस्यहरुले अध्यक्षलाई लिखित रुपमा शाखा खोल्नु पर्ने औचित्य खुलाई निवेदन दिएको अवस्थामा कार्यकारिणीले शाखा खोल्नस्वीकृती दिएमा यसअघि कुनै शाखा नरहेको जिल्लामा मात्र शाखा खोल्न अनुमति दिन सकिने छ। तर यो विधान लागु हुँदाका बखत कायम भईसकेका शाखाहरु जतिसुकै सदस्य भएपनि विघटन हुने छैनन्। शाखा कार्यालय खोल्दा सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिएर खोलिनेछ।

**३२ सदस्यता शुल्क**

क) संघका प्रादेशिक तथा शाखा कार्यालयले नयाँ सदस्यताका लागि फारम भराई सम्पूर्ण कागजात र तोकिएको शुल्कसहित केन्द्रमा पठाउने र केन्द्रीय कार्यकारिणी समितिले सदस्यता प्रदान गर्नेछ।

ख) प्रदेश तथा शाखामा संघको सदस्यताका लागि निवेदन दिने चिकित्सकले चाहेमा तोकिएको शुल्क र कागजातसमेत सिधै केन्द्रीय कार्यालयमा बुझाउन सक्नेछ।

ग) संघका सदस्यले सदस्यता कायम रहेको प्रदेश वा शाखा स्थानान्तरण गर्न चाहेमा उक्त कुराको जानकारी प्रादेशिक तथा शाखा कार्यलयले केन्द्रीय कार्यालयलाई र स्थानान्तरण हुने शाखालाई गराउनुपर्नेछ।

**३३ निर्वाचन:**

शाखाले प्रत्येक ३ वर्षमा १ पटक सम्मेलन भन्दा अगावै शाखा कार्यकारिणी र परिषद्का प्रतिनिधिहरुको निर्वाचन गराउने छ। जतिसुकै सदस्य भएपनि

१ जना प्रतिनिधि प्रत्येक शाखाबाट परिषद्को लागि निर्वाचित हुने छन् । निर्वाचनको परिणाम सम्मेलन अगावै केन्द्रमा आइपुग्नु पर्नेछ ।

**३४ प्रादेशिक तथा शाखा नियमावली**:

क) प्रत्येक प्रादेशिक कार्यालय तथा शाखाले नेपाल चिकित्सक सघको बिधान एवं नियमावलीसँग नबाझिने गरी प्रादेशिक तथा शाखाको नियमावली बनाउन सक्नेछन् । सो नियमावली केन्द्रीय कार्यकारिणी समितिसँग अनुमोदन गराई लागू गरिनेछ ।

ख) प्रादेशिक कार्यालय तथा शाखा नियम, कार्यविधि जारी वा संशोधन गर्दा उक्त संधोशन परिषद्ले स्वीकृत गरेपछि मात्रै लागु हुनेछ ।

**३५ आर्थिक व्यवस्था**:

क) प्रादेशिक कार्यालय र शाखा कार्यकारिणीले प्रत्येक वर्ष र आफ्नो कार्यकाल समाप्त हुनु अघि प्रादेशिक कार्यालय र शाखाको आयव्यय लेखापरीक्षण गराई त्यसको प्रतिवेदन केन्द्रमा पठाउनु पर्नेछ ।

ख) संघको कार्यकारिणीले आवश्यक ठानेमा प्रादेशिक तथा शाखालाई केन्द्रीय कार्यालयबाट आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ । कार्यकारिणी समितिले पूर्व निर्णयगरी निर्देशन दिएको अवस्थामा बाहेक प्रादेशिक तथा शाखाको बाँकी बक्यौता र दायित्वको लागि केन्द्रीय कार्यालय उत्तरदायी हुने छैन ।

(ग) प्रादेशिक तथा शाखाले आफ्नो कार्य संचालन गर्न विधान अन्तर्गत रही आम्दानी तथा खर्च गर्नसक्नेछ ।

(घ) कुनैपनि कारणवश प्रादेशिक तथा शाखा कार्यालय विघटन भएमा प्रादेशिक तथा शाखाको चल अचल सम्पत्ति नेपाल चिकित्सक संघ केन्द्रीय कार्यालय अन्तर्गत हुन आउने छ ।

# परिच्छेद - ११
# विविध

**३६. अविश्वास प्रस्तावः**

क) मताधिकार प्राप्त सदस्यहरु मध्येबाट कम्तिमा एक चौथाइ सदस्यहरुले सही गरेको कार्यकारिणी वा कुनै पदाधिकारी वा सदस्य माथि कारण खुलाई अविश्वासको प्रस्ताव केन्द्रीय कार्यालयमा दर्ता हुन आएमा अध्यक्षले परिषद्को आकस्मिक बैठक प्रस्ताव दर्ता भएको एक हप्ता भित्र बोलाउनु पर्नेछ ।

ख) परिषद्को कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले उक्त अविश्वासको प्रस्ताव उचित ठहऱ्याएको निर्णय दिएमा परिषद्को उक्त बैठकले कार्यकारिणी वा उक्त पदाधिकारी निलम्बन गरी यसै विधानको धारा १७ को झ बमोजिम गर्नेछ ।

**३७. विधान संशोधनः**

क) धारा ३७ र प्रस्तावना बाहेक अन्य धाराहरुमा संशोधन वा फेरबदलको लागि आउँदो साधारण सभा भन्दा ३ महिना अगावै कम्तिमा १० जना मताधिकार प्राप्त सदस्यबाट लिखित रुपमा प्रस्ताव आएमा वा कार्यकारिणी समितिले त्यस्तो प्रस्ताव पारित गरेमा सो प्रस्ताव माथि साधारण सभा भन्दा अघि बस्ने परिषद्को बैठकले साधारण सभामा आफ्नो राय पेश गर्ने छ । तत्पश्चात परिषद्को राय सहित उक्त प्रस्ताव साधारण सभामा पेश हुँदा उपस्थित सदस्य संख्याको कम्तीमा दुईतिहाई बहुमतले पारित गरी स्वीकृति प्रदान गर्न सक्नेछ । उक्त बिधान स्थानिय अधिकारीबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

ख) तर, यो विधानको धारा ३७ र प्रस्तावनामा थपघट, फेरबदल वा संशोधन गर्नको लागि यसै विधानको धारा ३७ (क) अनुसार प्रेषित प्रस्ताव पारित हुन कुल मताधिकार प्राप्त सदस्य संख्याको ७५% मत आवश्यक पर्नेछ ।

ग) साधारण सभाद्वारा पारित संशोधन जि.प्र.का.बाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ । तत्पश्चात संघद्वारा उपलब्ध गराउने विधान पुस्तिकामा संशोधन समावेश हुनेछ ।

## ३८. नियमावलीको व्यवस्थाः

क) संघको विभिन्न क्षेत्रमा कार्य सञ्चालन गर्न आवश्यक नियमहरु संघको विधान उलंघन नहुने गरी परिषद्ले साधारण बहुमतद्वारा पारित गर्नेछ र नियमावली नामाकरण गर्नेछ ।

ख) परिषद्ले संघका नियमावलीहरु संशोधन गर्ने र शाखाहरुका नियमावलीहरु अनुमोदन गर्न सक्नेछ ।

## ३९. च्याप्टर सम्बन्धी व्यवस्थाः

चिकित्सा विज्ञानको विभिन्न क्षेत्र र विषयमा संघ अन्तर्गत च्याप्टरहरु थप गर्न सकिनेछ । उक्त च्याप्टरहरुलाई प्राज्ञिक कार्यमा स्वतन्त्रता दिइने र नीति सम्बन्धी विषयमा यसै विधानद्वारा निर्देशित गरिनेछ ।

## ४०. सम्बन्ध स्थापनाः

क) परिषद्को अनुमोदनमा संघले विदेशी चिकित्सक संघहरु वा बैज्ञानिक संगठनहरुसंग पारस्परिक समझदारीका आधारमा सम्बद्धता (Affliation) कायम गर्न सक्नेछ । यस अघि स्थापना भएका सम्बद्धता यथावत कायम रहनेछ ।

ख) चिकित्सा क्षेत्रका अरु नेपाली संगठनहरुसँग संघले पारस्परिक हितका विषयहरुमा संयुक्त कार्यक्रम तर्जुमा  गर्न तथा पारस्पारिक सहयोग लिन सक्नेछ । साथै परिषद्को स्वीकृति लिई स्थायी सम्बन्ध स्थापना गर्न सक्नेछ ।

ग) गैर चिकित्सा क्षेत्रका अरु गैर राजनीतिक राष्ट्रिय संगठनहरुसँग आफ्नो संगठनात्मक स्वायत्तता कायम राखी पारस्परिक हितको आधारमा परिषद्को स्वीकृति लिएर सम्बन्ध स्थापना गर्न सक्नेछ।

## ४१. सम्मेलनः

प्रत्येक ३ वर्षमा अखिल नेपाल चिकित्सक सम्मेलन आयोजना गर्नु पर्नेछ। त्यसको लागि परिषद्द्वारा गठित आयोजक समितिले सम्मेलन नियमावली मुताविक तयारी गर्नेछ। कार्यकारिणी समितिले आवश्यक ठानेमा परिषद्को स्वीकृति लिई मध्यावधी सम्मेलन आयोजना गर्न सक्नेछ । मध्यावधी सम्मेलनको अवधिमा पनि विधान अनुसार साधारण सभाको बैठक बोलाउन सकिने छ ।

**४२. विधानको अनुवादः**

संघको मूल विधान नेपाली भाषमा भए तापनि आवश्यकता अनुसार यस्को अन्य भाषामा अनुवाद गर्न सकिने छ । तर मूल विधान र अनुवादित विधानको व्याख्या फरक हुन गएमा नेपाली भाषामा रहेको मूल विधानको ब्याख्या नै बैधानिक हुनेछ ।

**४३. अभिलेख सम्बन्धी व्यवस्था**

यस विधान अनुसार भएका सम्झौता वा व्यवस्थाहरुको अभिलेख संघको केन्द्रीय कार्यालयमा मूल विधानसँग पूंजीकृत गर्दै लैजानु पर्नेछ । तत्पश्चात प्रकाशन हुने विधानमा यस्ता अभिलेखहरु समावेश गरिनुपर्नेछ ।

**४४. संघको खारेजीः**

कुनै कारणवस संघ विघटन भई खारेज भएमा संघको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

****

# नोट




**नेपाल चिकित्सक संघ**
**केन्द्रीय कार्यालय**
प्रदर्शनी मार्ग, काठमाडौ, नेपाल
पो.ब.नं. १८९, फोनः ०१-४२३१८२५, ४२२५८६०,
फ्याक्सः ०१-४२२५३००, इमेलः nma@nma.org.np
वेभसाइटः www.nma.org.np